गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल

## बैठक संख्याः ११, मितिः २०७९ चैत्र १०

## निर्णयहरु

**प्रस्ताव नं. १ : बैठकमा निर्णय भएका विषयहरुको समिक्षा ।**

**निर्णयः** अघिल्लो बैठकमा निर्णय भएका विषयहरुको समिक्षा गरियो ।

**प्रस्ताव नं. २ : निर्माण भएका मापदण्ड सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिकाको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ पारित गरियो ।

**प्रस्ताव नं. ३: जग्गा वर्गिकरण गर्ने ।**

**निर्णयः** गाउँपालिका भित्रको जग्गा वर्गिकरण गर्न Consultant मार्फत यथाशिघ्र काम गर्न/ गराउन कार्यालयलाई निर्देशन दिने ।

**प्रस्ताव नं. ४ :गाउँपालिकाको प्रशासकिय भवन सम्बन्धमा ।**

**निर्णयः** गल्छी गाउँपालिकाको कार्यालय भवन आफ्नो नभई भाडामा लिइरहेको अवस्था भएकोले कार्यालयलाई आर्थिक भार नपर्ने गरि महेश दोभान स्थीत सरकारी भवनमा मिति २०८० वैशाख १ देखि कार्यालय सारी कार्य संचालन गर्ने निर्णय गरियो । साथै आवश्यक मर्मत संभार गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : वडा नं. २ योजना संशोधन ।**

**निर्णयः** वडा नं. २ को सिमलडाँडा सामुदायिक भवन निर्माण योजनाको भुक्तानी सोही वडाको बजेट शिर्षक अन्य सार्वजनिक निर्माणबाट गर्ने ।

**प्रस्ताव नं. ६ : आर्थिक विकास समितिको मिति २०७९ फागुन ३० गतेको बैठक निर्णय ।**

**निर्णयः** आर्थिक विकास समितिको मिति २०७९ फागुन ३० गतेको बैठक निर्णय अनुमोदन गर्ने ।

**प्रस्ताव नं. ७ : वडाको योजना संशोधन गर्ने ।**

**निर्णयः तपसिल बमोजिमको वडाको योजना संशोधनको लागि आगामी गाउँ सभामा पेश गर्ने ।**

तपसिल:

| क्र.सं. | शाखा/वडा | साविकको योजनाको नाम | रकम | संशोधित योजना नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वडा नं. ८ | कृषि तथा पशुपन्क्षीको लागि औषधी खरिद | २५०००० | रातोमाटे रानीमाला ग्यावीन निर्माण | २५०००० | |
| | | बाघखोर सल्लाघारी सतल निर्माण | ४००००० | बाघखोर | २००००० | |
| | | | | सल्लाघारी | २००००० | |
| २ | वडा नं. ५ | सल्लाघारी चेपाङडाँडा नयाँ ट्रयाक मो.बा. | १५०००० | अमन्तादेवी मावि देखि विर्ताडाँडा सडक स्तरोन्नती | १५०००० | |

**प्रस्ताव नं. ८ : गोल्डेन निर्माण एण्ड सप्लायर्स प्रा. लि. ले आदमखोला कोशीखोला रणनीतिक सडक इस्टीमेटमा River Made ग्रावेल आवश्यकता परेको र उल्खनन् गर्न अनुमती माग सम्बन्धमा ।**

**निर्णय:** गोल्डेन निर्माण एण्ड सप्लायर्स प्रा लिले आदमखोला कोशीखोला रणनीतिक सडकको इस्टीमेटमा भए बमोजिम River Made ग्रावेल आवश्यकता परेको र उत्खनन् गर्न अनुमती माग गरेको सम्बन्धमा IEE ले दिएको रिपोर्ट अनुसार उत्खनन् क्षेत्रको रेखाङ्कन गरी सङ्कलन गर्न दिने र सङ्कलित ग्रावेल प्राविधिकको रिपोर्ट अनुसार तोकेको दरमा राजश्व सङ्कलन गर्ने ।

**प्रस्ताव नं. ९ : १५ शैया बैरेनी अस्पताल निर्माणको म्याद थप सम्बन्धमा ।**

निर्णय: यस गल्छी गाँउपालिकाको ठेक्का नं (GRM/NCB/1S2E/19/077/78) Construction of Baireni Hospital (15 Beded) at Baireni ,Dhading को मिति २०७९/११/३० मा सकिएकोमा निर्माण कार्य कोभिड, बर्षायाम, निर्वाचन तथा क्रसर बन्द जस्ता कुराले रोकिएकोले सो ठेक्काको म्याद आगामी २०८०/०६/३० गते सम्मलाई थप्ने निर्णय गरियो।

**प्रस्ताव नं. १० : गुसेश्वरी पर्यटकिय पूर्वाधार निर्माण कार्यको VO -१ जारी तथा म्याद थप सम्बन्धमा ।**

**निर्णय:** यस गल्छी गाँउपालिकाको ठेक्का नं (**GRM/NCB/1S2E/20/077/78**) **Construction of Gupteshwor Temple Tourism Infrastructure** को सुरुको सम्झौता भन्दा केही आइटमहरु थपघट गर्नु परेकोले प्राविधिकको प्रतिवेदन अनुसार VO-1 जारी गर्ने निर्णय

गरियो। साथै उक्त ठेक्काको म्याद आगामी २०८०/०६/३० सम्मको लागी थप गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ११ : अपाङ्ग कल्याण संघ, धादिङबाट जग्गा माग सम्बन्धमा ।**

**निर्णयः** अपाङ्ग कल्याण संघ, धादिङलाई भवन निर्माणको लागि वडा नं ४ को कि. नं. ९० बाट २ रोपनी जग्गा उपलब्ध गराउने ।

**प्रस्ताव नं. १२ : आर्थिक सहायता सम्बन्धमा ।**

**निर्णयः** वडा नं. ३ बस्ने श्री दिपक ग्वाललाई औषधी उपचार बापत रु पच्चीस हजार सम्मको रकम बिल भर्पाईको आधारमा उपलब्ध गराउने ।

**प्रस्ताव नं. १३ : जिल्ला सशस्त्र प्रहरी कार्यालयको निवेदन सम्बन्धमा ।**

**निर्णयः** जिल्ला सशस्त्र प्रहरी कार्यालयको भवन निर्माणको लागि रु एक लाख रकम बराबरको सहयोग गर्ने ।

**प्रस्ताव नं. १४ : वडा नं ३ को खानेपानी योजना सम्बन्धमा ।**

**निर्णयः** वडा नं. ३ को टारी जौवारी खानेपानी योजना शिर्षक विभिन्न निर्माण सुधार योजनाबाट भुक्तानी दिने ।

**प्रस्ताव नं. १५ : स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, हेटौंडाबाट झोलुङ्गे पुलको विवरण माग सम्बन्धमा ।**

**निर्णयः** स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, हेटौंडाबाट झोलुङ्गे पुलको विवरण माग आएकोमा तपसिल बमोजिमको विवरण सिफारिस गर्ने ।

तपसिलः

| ं. | वडा नं | प्रस्तावित झो.पु. को नाम | झो.पु.चाहिने स्थानको नाम | | नदि/खोलाको नाम | नदि/खोलाको चौडाई (मि) | चाहिने झो.पु अनुमानित लम्बाई (मि) | झो.पु.बाट लाभान्वित जनसंख्या | | प्रस्तावित झो.पु र हाल भएको झो.पु/सडक पुलको दुरी(घण्टामा) | | झो.पु.बाट पँहुच हुने सेवाको प्रकार(बजार,स्कुल, स्वास्थ्य केन्द्र अन्य) | प्रस्तावित झो.पु.को स्थानको GPS Co-Ordinate | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दाँया किनारा तर्फ | बाँया किनारा तर्फ | | | | दाँया किनारा तर्फ | बाँया किनारा तर्फ | झो.प. | सडक पुल | | दाया किनारा | बाँ कि रा |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ७ | बिरुवा जङ्गार (गल्छी ७ र ८ जोड्ने) | बिरुवाटार | मछेडी दोभान | महेशखोला | | ६५ मिटर | ३०० | १५० | १.५ | २ | सबै | | |
| | ८ | ओखले डाडा झो.पु | गल्छी ८ | थाक्रे १ | महेशखोला | ३५० | ९० | १५०० | ६०० | १ | २ | सबै | | |
| | ८ | ठाँडे जंगारे झो.पु. | गल्छी ८ | वेलकोटगढी ५ नुवाकोट | कोल्पुखोला | १५० | २५० | २२० | ३५० | १ | १ | सबै | | |
| | ८ | पहेर जंगार झो.पु. | गल्छी ८ | वेलकोटगढी ४ नुवाकोट | कोल्पुखोला | १६० | २६० | ३५० | ३७० | २ | २ | सबै | | |
| | ४ | गडुवाल सिखरकटेरी झो.पु. | गल्छी ४ | गजुरी ६ | बेल्खुखोला | १५० | २०० | ३०० | १५० | १.५ | २ | सबै | | |
| | ४ | सलम्बुटार पहिरे झो.पु. | गल्छी ४ | गजुरी ७ | बेल्खुखोला | २५० | ३५० | २०० | १५० | २ | २.३ | सबै | | |
| | ३ | बडरे झो. पु. | गल्छी ३ | सिद्दलेक ६ | आदमखोला | | ७० | ३००० | १००० | छैन | छैन | सबै | | |
| ८ | ५ | खर्कुडे खोला झो.पु | गल्छी ७ | गल्छी ५ | खेस्टेखोला | २० | ८० | ३५० | ४०० | २.५ | छैन | सबै | | |
| ९ | १ | दर्दरे - घट्टेखेत झो.पु. | गल्छी १ | तारकेश्वर ५ नुवाकोट | कोशिखोला | ५० | १५० | ४५० | ६०० | नभए को | छैन | सबै | | |
| ० | १ | बहुमारा -चुचरे ढुङ्गा झो.पु | गल्छी १ | निलकण्ठ ५ | कोशिखोला | २५० | १०० | २०० | २५० | नभए को | छैन | सबै | | |
| ११ | २ | सिम्ले लामासोती झो.पु | गल्छी २ | सिद्दलेक ७ | आदमखोला | ५० | ८० | २००० | १००० | १ | १.५ | सबै | | |
| १२ | २ | छब्बिसे झो.पु. | गल्छी २ | निलकण्ठ ५ | कोशिखोला | ५० | ९० | १२०० | ८०० | ३ | ३ | सबै | | |

**प्रस्ताव नं. १६ : रासायनिक मलको डिलर सम्बन्धमा ।**

**निर्णयः** साना किसान सहकारी संस्था, कल्लेरी र बैरेनीलाई रासायनिक मलको डिलर उपलब्ध गराउन भनी साल्ट ट्रेडिङ कर्पोरेसनलाई सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७ : जनप्रतिनिधिहरुको सेवा सुविधा सम्बन्धमा ।**

**निर्णय:** जनप्रतिनिधिको थप सेवा सुविधा लेखा समितिको प्रतिवेदन अनुसार आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ :** गल्छी गाउँपालिकाको आ.व. २०७९/८० को स्वीकृत बार्षिक कार्यक्रम बमोजिम अनाथ तथा आमाबाबुको संरक्षणबाट बञ्चित बालबालिकाहररुको लागि विनियोजित रकममा सामाजिक विकास समितिबाट सिफारिस भए बमोजिम देहाय बमोजिम मासिक आर्थिक सहायता वितरण गर्न उपयुक्त हुने देखिएकाले सर्व सम्मतिले निर्णय गरियो ।

**तपसिल**

- आमाबाबु दुवैको मृत्यू भएका बालबालिका-रु २०००।-
- आमाबाबु दुवैको संरक्षकत्वबाट बञ्चित भइ आफै अभिभावक भएका बालबालिका-रु २०००।-
- आर्थिका अवस्था कमजोर भएका, आमा वा बाबु मध्ये कुनै एक गुमाएका,आमा वा बाबुमध्ये कम्तिमा एक जना अपाङ्गता भएका , सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिका-१०००।-
- आर्थिक अवस्था कमजोर भएका,आमाबाबु दुवै कानुनी विवादमा परी आमाबाबु बहेक अन्य सदस्यको संरक्षकत्वमा रहेका, बालबालिका रु.१०००।-

**निर्णय नं. १९ : पालिका स्तरिय बालमैत्री स्थानीय शासन समितिको मिति २०७९/११/११को निर्णय अनुसार बालमैत्री स्थानिय शासन कार्यान्वयन निरन्तरताका लागि विनियोजित रु ८०,००,०००।-(असीलाख रुपैया मात्र )मध्ये कार्ययोजनाको तपसिलका शिर्षकमा रकम शोधनान्तर गर्न अनुरोध भइ आएकोमा निम्न बमोजिम हुने गरी संसोधन हुने गरी निर्णय गरियो ।**

बजेट रु हजारम

| क्र.सं. | कार्यविवरण | अनुमानित बजेट हजारमा | कार्यक्रम भएको मिति | संसोधित शिर्षक | संसोधित बजेट | खर्च जम्मा रु |
|---|---|---|---|---|---|---|
| १ | बालबालिकाको बस्तुगत विवरण प्रश्नावली छपाइ, घरधूरि सर्वेक्षण वडागत तथा पालिकास्तरिय प्रकाशन गर्ने | २०० | | | | |
| २ | बालसमूह बालसमूह सञ्जाल गठन तथा पुनर्गठन गर्ने | १५० | 2079/9/23 र2079/10/14 | | | १४५००० |

गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | सूचक सरलीकरण तथा बालमैत्री आचारसंहिता निर्माण कार्यशाला गर्ने | ६५ | 2079/09/05 | | | ६५००० |
| ४ | बालमैत्री आचारसंहिता बैठकबाट स्वीकृत छपाइ वितरण विद्यालय टोलटोलमा छलफल गर्ने । | २०० | | | | |
| ५ | पालिकास्तरिय अभिमुखीकरण १ दिने | १०० | 2079/06/01 | | | ५९३४५ |
| ६ | बालमैत्री सहजकर्ताहरुको पारिश्रमिक ८जना १३ महिना १५५०० का दरले । | १६१२ | | | | |
| ७ | बालमैत्री सहजकर्ताहरुको क्षमता विकास तालिम ४ दिन । | २०० | 2079/05/28-2079/05/31 | | | १७००५० |
| ८ | बालमैत्री स्थानीय शासनको सम्पर्क शाखा इकाइको संस्थागत प्रवन्ध | ४०० | | नपुग रकम विविधबाट | ४०० | |
| ९ | बालसमूह तथा बालसमूह सञ्जाललाइ गठन सहजीकरण मार्गदर्शन निर्देशिका २०७४ बमोजिम क्षमता विकास सम्वन्धि प्रशिक्षण दिने | ५०० | | | | |
| १० | विभिन्न बालमैत्री समुह समिति हरुको बैठकहरुको खर्च | ३०० | | | | |
| ११ | गल्छी गाउपालिकाको बालबालिका सम्वन्धि नीति निर्माण गर्ने बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण कार्यविधि निर्माण गर्ने,बालकोष सञ्चालन कार्यविधि निर्माण गर्ने,बालसमुह तथा बालसमुह सञ्जाल निर्माण गर्ने | २०० | | | | |
| १२ | बालमैत्री गतिविधि कागजात व्यवस्थापन फाइल सूची तयारी २दिने कार्यशाला | १५० | 2079/09/03-2079/09/04 | | | १५०००० |
| १३ | बालमैत्री स्थानीय शासनको सूचकको कार्यान्वयनको अवस्था मापन तथा बालबालिकाको त्रिवर्षीय आवधिक लगानी योजना निर्माण कार्यशाला स्थलगत वडा वडास्तरिय ३ ३दिन वडास्तरिय दुइ दुइ वटा किताव तयार । | ८०० | | | | |
| १४ | विद्यालयको गेटमा सचेतना बोर्ड किराना पसल खुद्रा पसलमा सावधान बोर्ड बालविवाह निकृष्ट बालश्रम बारे घर घरमा पत्राचार सुचना पर्चा पम्पलेट प्रचार प्रसार आदि । | ५४८ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | बालमैत्री सहजकर्ता नियुक्ति खर्च तथा बालमैत्री अध्ययन अवलोकन भ्रमणगर्ने पनौती नगरपालिका | १५० | 2079/11/12 | गल्छी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैरेनी, धादिङ बागमती प्रदेश, नेपाल | | १२५००० |
| १६ | बालबालिकाको स्थिति प्रतिवेदन तयारी अन्तिम सूचक मापन गर्ने बालमैत्री वडा घोषणा पश्चात दिगोपनाका लागि रणनीतिक योजना निर्माण छपाइ वितरण पालिकास्तरिय प्रकाशन गर्ने | ४२५ | | | | |
| १७ | बालमैत्री गाउपालिका घोषणा कार्ययोजना तयारी।वडालाइ पुरस्कार स्वरुप थप अनुदान ५०००० प्रतिवडा | ४०० | | वडाको विभिन्न समितिकोखाजा खर्च | ४०० | |
| १८ | बालमैत्री गाउपालिका घोषणा गर्ने | ० | | | ० | |
| १९ | बालमैत्री गाउपालिका घोषणा समारोह व्यवस्थापन सामाग्री आदि । | १००० | | विविध | १००० | |
| २० | विविध | ६०० | | बाँकी ५ वटा वडा अभिमुखीकरणमा खर्च गर्ने | ६०० | ३३७०८० |
| | जम्मा | ८००० | | | ८००० | |